UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Essay, Translation and Comprehension

May/June 2006

**3 hours**

Additional Materials: Answer Booklet/Paper

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **5** printed pages and **3** blank pages.


© UCLES 2006
UNIVERSITY of CAMBRIDGE International Examinations
[Turn over

## Section A – Composition

**1** Write in **Nepali**, two compositions of about **150** words. You may choose any two subjects from the following:

**(a)** A Nepali film I have enjoyed.
मलाई मन परेको एउटा नेपाली सिनेमा ।

**(b)** The best job in the world.
संसारको सर्वश्रेष्ठ जागिर ।

**(c)** Environmental problems in Nepal.
नेपालमा वातावरणसम्बन्धी समस्याहरू ।

**(d)** The qualities of a good teacher.
राम्रो शिक्षकमा पाइने गुणहरू ।

**(e)** Earthquake!
भैंचालो !

[25 × 2]

© UCLES 2006

## Section B – Translation

**2** Translate into **English**:

आधा दुनियाँको आवाज

आधा दुनियाँ भनेर महिलावर्गलाई भन्ने गरिन्छ । अन्तर्राष्ट्रिय स्तरमै महिलावर्ग आफू पुरुषको आधिपत्यले थिचिएको, शोषिएको, पिसिएको अनुभव गर्दछ र त्यसबाट मुक्ति पाउन सचेत महिलावर्ग आन्दोलित छ ।

हाम्रो देशमा पनि पुरुषको उपेक्षा नारीको स्थिति दयनीय छ । हाम्रो देशमा कुल जनसंख्यामा पुरुष ४० प्रतिशतले साक्षर छ भने नारीवर्ग त्योभन्दा निकै कम मात्र साक्षर भएको तथ्याङ्कले बताउँछ । पठित-अपठित, सम्पन्न-विपन्न आदि कुराले पनि समाजको मर्यादाको स्थितिमा प्रभाव पारेको हुन्छ । त्यसमा पनि नारी र पुरुषको कारणले सामाजिक मर्यादा, व्यवहारको तहमा पनि फरक भएको अनुभव सबैले गरेका छन् । त्यसैले नारीवर्गले समाजमा पुरुषवर्ग सरह सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक सबै प्रकारको समानता खोज्नु अर्घेलो होइन । वस्तुतः नारी र पुरुष प्राणीको हिसाबले मानिस हुन् मानिस मानिसका बीच भेदभाव रहनु हुन्न ।

यो न्यायको कुरो हो । तर प्रकृत स्वभावका कारण कर्मक्षेत्र एउटै हुनुपर्छ भन्दा न्यायसङ्गत नहुन पनि सक्तछ । जहाँसम्म सामाजिक मान्यता, मर्यादा र अवसरको कुरो छ नारी र पुरुषबीच भेदभाव रहनु हुन्न ।

हाम्रो देशमा क्षेत्र, जाति, आर्थिक दशा, शैक्षिक स्थिति आदिले विभिन्न समाजमा नारी जातिको स्थिति फरक फरक देखिन्छ । कुनै एउटा मुद्दाले सम्पूर्ण समाजलाई दोषी देख्न मिल्दैन । सामान्यतया शिक्षाको विकासले नै महिला र पुरुषबीचका भेदभावहरू अधिकांश मेटिंदै गएका छन् र जान्छन् ।

[10]

**3** Translate into **Nepali**:

Sani, the beautiful cousin sister of the widow Binita, had grown into a teenager whose prospects of marriage were excellent. For didn't her face radiate like the moon on a summer's night? And she worked tirelessly all day, without a word of complaint. Even the most envious neighbours had to concede that the orphan was an ideal daughter-in-law.

Sani didn't care much for Binita-didi; she would never have come to live in this ghastly town had her uncle and aunt not forced her out of their village. Still, she had to fulfil her duty to her cousin sister. Binita-didi's fields lay on a steep hillside of terraced fields just outside the town… Sani broke into a duet, first deepening her voice like a boy's:

*Me, I'm a boy from the flatlands,*
*A boy from the flatlands.*
*Eh young girl, won't you run away with me?*
*Let's ride away in a taxi-car.*

She soiled by mistake her hitched-up kurtha-sural. But what did it matter, a mud stain? Pitching her voice high, she refused her own marriage proposal:

*You, you're a boy from the flatlands,*
*A boy from the flatlands.*
*You can't earn enough for yourself, let alone me.*
*I won't ride off with you in a taxi-car.*

[20]

© UCLES 2006

## Section C – Comprehension

Read through the passage below carefully, and then answer, in **Nepali**, the questions that follow using your own words as far as possible.

अंग्रेजी होइन, लिम्बू भाषाको दुनियाँ

पाँचथरको फिदिम बजारमास्तिर रहेको चोकमागू गाउँमा एक झुन्ड स्कुले विद्यार्थी भर्खरै थापिएको गाउँले फलैचाको अभिलेख पढ्नमा लागिपरेका छन् । अभिलेख लिम्बू लिपिमा कुँदिएको छ । त्यो लिपि मरेर खुट्ट्याउन खोज्ने ती विद्यार्थी नजिकैको सरस्वती माविका प्राथमिक तहका विद्यार्थी हुन् । त्यो हुलमा लिम्बू थरका विद्यार्थी मात्र छैनन्, बरू बाहुन, छेत्री समुदायका विद्यार्थी पनि मिसिएका छन् । उक्त विद्यालयमा कक्षा ५ सम्म लिम्बू भाषालाई अनिवार्य रूपमा पाठ्यक्रममा राखिएको छ । सरकारी तहबाट कक्षा ३ सम्मको पाठ्यक्रम उपलब्ध भए पनि आफ्नै प्रयास र पहलमा कक्षा ५ सम्म लिम्बू पढाइने गरेको हो । विद्यालयमा अधिकतम अनुपातमा लिम्बू थरका विद्यार्थी रहेका छन् । अझ प्राथमिक तहको स्थिति हेर्दा त जम्मा २ सय ७० विद्यार्थीमध्ये तीस जना मात्रै बाहुन, छेत्री रहेका छन्, बाँकी सबै लिम्बू थरका छन् ।

कक्षा ४ म पढ्ने ११ वर्षीया कल्पना ढुङ्गेल जातले एक ब्राह्मणपुत्री हुन् । स्कुले चौरको पारिलो घाममा खट्टा फिंजारेर उनी आफ्ना दौंतरीका साथमा बसेकी छन् र सामुन्नेको लिम्बू भाषाको पुस्तकका कथा, कविता लोरीको भाखामा भट्ट्याइरहेकी छन् । 'पढ्नमा मलाई सबैभन्दा सजिले लाग्ने पुस्तक यही हो', त्यही लिम्बू भाषाको पुस्तक देखाउँदै कल्पना भन्छिन् ।

पाठ्यक्रममा सामान्य भाषा, व्याकरणदेखि हिसाब विषयका थोरबहुत पाठहरू पनि लिम्बू लिपिमै पढ्नुपर्ने हुन्छ । विद्यालयमा अर्को तुजुकलाग्दो कुरा के छ भने लिम्बू विषयमा बरू केही लिम्बू जातकै विद्यार्थी फेल भएका छन् तर बाहुन, छेत्री केटाकेटी भने शतप्रतिशत पास भएको छन् । 'लिम्बू जातिको अधिकतम बसोबास रहेको र संविधानले पनि मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकार दिएकाले हामीले अभिभावकसँगको सहमतिमा ५ कक्षासम्मै लिम्बू भाषा पढाएका छौं' विद्यालयका शिक्षक मनप्रसाद तुम्बापो भन्छन् । राजधानी काठमाडौं लगायतका विकासको हावाले छोइसकेका भेकमा चल्ने जातीयता, साम्प्रदायिक विभेद र भाषिक पौठेजोरीको 'एक छिटा प्रभाव' पनि आफ्ना क्षेत्रमा नआएको तुम्बापोको अनुभव छ ।

४ यो विद्यालयमा लिम्बू भाषा पाठ्यक्रममा किन राखिएको छ ? [5]

५ 'विद्यालयमा अर्को तुजुकलाग्दो कुरा' साँच्चिकै 'तुजुकलाग्दो' हो कि होइन? [5]

६ 'जातीयता, साम्प्रदायिक विभेद र भाषिक पौठेजोरी' भन्नाले के बुझिन्छ ? [5]

७ यस्ता शैक्षिक प्रयोगहरूबाट देशले के-कस्ता फाइदा उठाउन सक्ला ? [5]

BLANK PAGE

**BLANK PAGE**

BLANK PAGE

*Copyright Acknowledgements:*

| | |
|---|---|
| Question 2 | © *Sampadakko Kalam*; Martin Chautari; 2003. |
| Question 3 | © Manjushree Thapa: *The Tutor of History*; Penguin Books, India; 2001. |
| Questions 4–7 | © Pratyoush Onta (ed); *Chapama Janajati*; Etka Books; 2001. |

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.